२०८१।०५।०५ विगो नं. १५४

# रुकुम जिल्ला अदालतवाट जारी भएको

# लिलाम बढाबढको सूचना।।।

श्री रुकुम जिल्ला अदालत मुसिकोट

वादी सल्यान जिल्ला कुमाख गाउपालिका वडा नं. १ बस्ने सन्तोष विष्ट प्रतिवादी रुकुम पश्चिम जिल्ला चौरजहारी नगरपालिका वडा नं. १ बस्ने गुमान भन्ने गुमन विष्ट भएको लेनदेनको बिगो विगो भराई पाउँ मुद्दामा सल्यान जिल्ला अदालतको मिति २०८०।०२।२३ गतेको फैसला बमोजिम वादीले प्रतिवादीवाट बिगो साँवा रु. २,७२,०००।- (दुई लाख बहत्तर हजार) रुपैया हाल सम्मको ब्याज रु.८८,६२५।-( अठासी हजार छ सय पच्चिस) रुपैया र अदालती शुल्क रु.७,०८४।- समेत जम्मा रु. ३,६७,७०९।- (तीन लाख सतसठ्ठी हजार सात सय नौ) रुपैयाँ प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम यस अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीवाट भरी पाउने बिगो तपसिल बमोजिमको सम्पतिवाट भराइ पाउँ भनी वादीको निवेदन परी काम कार्वाही भई प्रतिवादीको नाउको उक्त सम्पति मिति २०८१।०५।२८ गते दिनको १० बजे देखि पहिलो पटक डाँक लिलाम हुने भएकोले डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित यो सूचना प्रकाशित गरिएको बेहोरा सूचित गरिन्छ।

<u>तपसिल</u>

१.यस अदालतको तहसिल शाखामा मिति २०८१।०५।२६ गते दिनको १०.०० बजेदेखि ३.०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिन्छ।

२.डाँक लिलाम तोकिएको दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट डाँक लिलाम हुनेछ।

३.कायम भएको न्यूनतम पञ्चेकृते मूल्यवाट डाँक बढाबढ गर्नु पर्नेछ।

४. डाँक लिलाम बखत बोलकबोल गरेको अंकको १० प्रतिशत हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ।बाकी बोल कबोल रकम डाँक लिलाम भएका मितिवाट ७ दिन भित्र दाखिला गर्नुपर्नेछ।त्यसरी ७ दिन भित्र बाकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरीनेछ।

५.डाँक लिलाम बढाबढ हुदा सबै भन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईन्छ।

६.डाँक लिलाम सम्वन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।

७. डाँक लिलाम हुने जेथाको विवरण

| सि.न | जिल्ला | गा.वि.स. | वडा | कि.न. | क्षे.फ.व.मी | दर्तावाला | लिलाम हुने मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुकुम | विजयश्वरी | ४ | ३४३१ | ००२५० | गुमन विष्ट | ३,६७,७०९।- | |
| | | | | | | जम्मा | ३,६७,७०९।- | |

ईतिसंवत २०८१ साल भाद्र महिनाको ०२ गते रोज १ मा शुभम् ..........................................।